0C0-WO-9२

# श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन–पत्र

विषयः उत्प्रेषण परमादेश लगायत आवश्यक उपयुक्त आदेश जारी गरी पाउँ ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ बस्ने अधिवक्ता अनुपम भट्टराई को वारेस आफ्नो हकमा समेत कानून स्नातक तहमा अध्ययनरत का.जि.का.म.न.पा. वडा नं.२९ बस्ने अतुल विष्ट(9868772564)-------------------------------------------------------------------------------१ रिट निवेदक

विरुद्ध

महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं---------------------------------------------------१ प्रत्यर्थी

ऐ.का महान्यायाधिवक्ता-----------------------------------------------------------------------------१

उप प्रधान तथा गृहमन्त्री-----------------------------------------------------------------------------१

मुद्दाः– उत्प्रेषण परमादेश ।

निवेदन वापत लाग्ने दस्तुर तिरेको निस्सा यसैसाथ संलग्न राखी हामी निवेदक नेपालको संविधानको व्यवस्था को आधारमा धारा १३३ (१)(२)(३), १७, १८ र ४४ तथा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४१, ४९ बमोजिम निम्न लिखित व्यहोराको निवेदन गर्दछौं:

सुविधा सन्तुलनको लागि यस पछि निवेदनमा "नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय" लाई "नेपाल सरकार", "नेपालको संविधान,२०७२" लाई "संविधान", "महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं" लाई "कार्यालय","सरकारी वकील सम्बन्धी नियमावली,२०७७"लाई"नियमावली" भनी सम्बोधन गरिनेछ ।

१. हामी निवेदक मानव अधिकार, फौजदारी न्याय, सामाजिक न्याय तथा कानुनको शासनका क्षेत्रमा लामो समयदेखि क्रियाशिल रहि आएका छौं । हामीले सार्वजनिक सरोकारको विषयमा अध्ययन,

अभ्यास र सामाजिक कार्यका मार्फत संविधान, फौजदारी न्याय प्रणाली, अन्तराष्ट्रिय अभ्यास, कानुन तथा न्यायको प्रचलन गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छौं। फौजदारी न्याय प्रणालीको मर्म र भावना विपरित विपक्षीहरुले गरेको कार्य ठिक नरहेको हुँदा अन्य वैकल्पिक कानूनी उपचारको अभावमा सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत यो निवेदन दायर गरेका हौं।

२. नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा भएको व्यवस्था अनुरुप महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने हुन्छ;

क. संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने।

ख. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने।

ग. संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने।

घ. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने।

ङ. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय दिने।

च. आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने।

छ. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने।

ज. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।

झ. महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने।

ञ. संविधान र अन्य कानून बमोजिम आफूले वर्ष भरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने।

ट. नेपाल सरकारलाई सरोकार पर्ने वा कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व भएको मुद्दामा सर्वोच्च अदालतमा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने।

ठ. संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्ने ।

ड. अदालतबाट भएका आदेश वा फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त देखेमा सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई ध्यानाकर्षण गराउने ।

ढ. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ण. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

त. संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई आवश्यक समन्वय र निर्देशन दिने ।

थ. कारागारमा रहेका कैदीको मानवअधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

द. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै सरकारी वकीललाई खटाउन सक्ने ।

ध. कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट नेपाल सरकारको हक, हित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्न, पुनरावलोकनको निवेदन दिन कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न सक्ने ।

न. कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्ने ।

छिमेकी मुलुक भारतमा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने व्यवस्था रहेछ;

Being the Chief Law Officer of the country, the Attorney General of India has to perform the following duties:

1. Whichever legal matters are referred to him by the President, he advises the Union government upon the same.
2. President keeps on referring him legal matters that suits his interest and Attorney General has to advise on those too.
3. Apart from what President refers, he also performs the duties mentioned in the Constitution.
4. The three duties that are assigned to him by the President are:

- In any legal case where the government of India is related to, the Attorney General has to appear in the Supreme Court on its behalf.
- He has to represent the Union Government in any reference made by the president to the Supreme Court under Article 143 of the Constitution
- He also appears in the High Court if any case is related to the Government of India

त्यसै गरि बेलायतमा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने व्यवस्था रहेछ;

The Attorney General's Office (AGO) is a ministerial department which supports the Attorney General and the Solicitor General (the Law Officers). The Law Officers are government ministers who:

- provide legal advice to government.
- superintend, or oversee, the main independent prosecuting departments - the Crown Prosecution Service and the Serious Fraud Office
- superintend, or oversee, Her Majesty's CPS Inspectorate, which inspects how cases are prosecuted.
- superintend, or oversee, the Government Legal Department, which provides legal services to government.
- answer questions about their work in Parliament
- perform other functions in the public interest, such as looking at sentences which may be too low - these duties are independent of government.

नेपाल, भारत र बेलायतमा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार के हुने रहेछ भन्ने हेर्दा कहीँ कतै पनि महान्यायाधिवक्ताले कानून र न्यायलाई प्भावित गर्न सक्ने गरिको कुनै काम कारबाहि गर्न नपाउने स्पष्ट रहेको छ ।

३. विपक्षी कार्यालयमा कुनै नेपाली नागरिकले आफू विरुद्ध मुद्दा चलेलको छ कि छैन भनेर निवेदन दिएर उक्त निवेदनलाई दर्ता गरि जानकारी गराउने कार्य विपक्षी कार्यालयलाई संविधान तथा प्रचलित नेपाल कानूनले दिएको छैन । हाल नेपाल ठूलो सङ्कट भनेको सहकारीमा बचतकर्ताले जम्मा गरेका ठूला तथा सानो रकम लाई उक्त सहकारीको प्रत्यक्ष र परोक्षरुपमा संलग्न रहेका व्यक्तिले अपचलन गरि सहकारीका बचतकर्ताको रकम हिनामिना गरेको विषय रहेको देखिन्छ। नेपाल सरकारले बचतकर्ताको पैसा अपचलन गरि फरार रहने सहकारीका संचालक, व्यवस्थापक, सदस्य वा निम्न बमोजिमका अन्य पदाधिकारीलाई कानूनको दायरामा ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको अवस्था छ । प्रधानमन्त्रीको ध्यान गठबन्धनको जोडजाममै रहेको हुँदा जनताको ठेट समस्याले पाउनुपर्ने समय पाउन सकेको अवस्था छैन । संविधानको धारा १५८ को उपधारा २ मा भनिएको छ, 'नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । यस संविधानमा अन्यथा व्यवस्था नभएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था रहेको छ। महान्यायाधिवक्ता प्रधानमन्त्रीप्रति जिम्मेवार र जवाफदेही हुने भनि संविधानको धारा १५७ को उपधारा २ मा 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ता नियुक्ति गर्ने छ र प्रधानमन्त्रीले चाहेको अवधिसम्म महान्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछ भन्ने व्यवस्थाले यसलाई स्पष्ट पारेको छ।

४. माथि उल्लेख गरिए अनुसार संविधानमा उल्लेख गरिएको प्रावधानलाई टेकेर महान्यायाधिवक्ताको कार्यालयले राजनीतिक स्वार्थका आधारमा निर्णय गर्दै आएको छ । यसकै पृष्ठभूमिमा हालै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सहकारीको बचत हिनामिना प्रकरणमा आफू संलग्न नरहेको भनी महान्यायाधिवक्ताको कार्यालयबाट लिएको पत्र 'क्लिन चिट' ले विपक्षी कार्यालयको गैर न्यायिक र पिडितको न्याय पाउने हकलाई बन्देज लगाउने कार्यलाई प्रोत्साहन गर्ने देखिएको छ। रवि लामिछा राजनितिक पृष्ठभूमिमा प्रवेश गर्नुभन्दा अगावै विभिन्न सहकारीका रकम अपचन गर्ने गरेको कुराको न्यायिक परिक्षण हुदै गरेको अवस्थामा रहेको छ जस्तै सुप्रिम सहकारीको रकम हिनामिनाबारे रुपन्देही जिल्ला अदालतमा प्रस्तुत प्रहरी प्रतिवेदनमा भने लामिछानेले 'विना धितो, विना प्रक्रिया ऋण लिएको' उल्लेख गरिएको छ । अनुसन्धान प्रतिवेदनका विभिन्न सात पृष्ठका नौ ठाउँमा नाम भए पनि लामिछानेलाई प्रतिवादी बनाइएको छैन। त्यसै गरि पोखराको सूर्यदर्शन सहकारी पीडितले लामिछानेसहित १८ जनाविरुद्ध प्रहरीमा पूरक जाहेरी दिएको अवस्था छ। सहकारीका पिडित बचतकर्ताले रवि लामिछानेको नामै तोकेर थप ४ जना र १४ कम्पनीविरुद्ध गत माघ २२ मा उजुरी दिएका थिए।२०८० साल भदौमा जाहेरी परेपछि असोज १८ मा १९ जनाविरुद्ध सहकारी ठगी अभियोगमा कास्की अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा छ। लामिछानेमाथि सूर्यदर्शन

सहकारीको बचत अपचलनमा संलग्न भएको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्कीले समेत अनुसन्धान गरिरहेको छ। तर, महान्यायाधिवक्ताको कार्यालयले कुनै उजुरी, छानबिन र हिनामिनामा संलग्न नरहेको भनी लामिछानेलाई पत्र थमाइनु सत्ताको दुरुपयोग भएको पूर्वमहान्यायाधिवक्ताहरू बताउँछन्। विपक्षी कार्यालयले रवि लामिछानेलाई निम्न व्यहोराको पत्र थमाएको छः

**महान्यायाधिवक्ताको कार्यालय**

(............ शाखा)

पत्र संख्या :- ०८०/०८१
चलानी नं :- ८२६५

मिति ........२०८१/०१/२५

विषयः अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा।

चन्द्रकान्त लामिछानेको नाति, लालचन्द्र लामिछानेको छोरा
का.जि.का.म.न.पा वडा नं ६ बौद्ध महांकाल बस्ने वर्ष ४७
को श्री रवि लामिछाने, -

प्रस्तुत विषयमा यहाँले यस कार्यालयमा ज्ञानकारी पाउँ भनी पेश गर्नु भएको द.नं १४०५१ मिति २०८१/०१/१० गतेको निवेदन मागका सन्दर्भमा रुपन्देही जिल्ला अदालतमा दायर भएको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, चितवनको साहारा सहकारी संस्था तथा कास्कीको सुर्यदर्शन सहकारी संस्थाको रकम हिनामिनामा यहाँको संलग्नता रहे नरहेको र कुनै उजुरी परेको, अनुसन्धान वा अभियोग पत्र दायर भएको वा नभएको सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालय रुपन्देही, चितवन र कास्कीमा बुझि पठाउँदा यहाँ उपर हालसम्म कुनै उजुरी/जाहेरी, अनुसन्धान तथा अभियोजन समेत भएको नदेखिएको जवाफ प्राप्त हुन आएकोले सोही व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ।

२०८१/०१/१२

(अनुकूल वारकोटी)
सहायक न्यायाधिवक्त

आफ्ना कर्तुतहरुलाई यसै गरि दवाउन, स्वार्थ बाझिने गरि रवि लामिछानले उप प्रधान तथा गृह मन्त्रीको पद लिएका छन्। अपराध अनुसन्धान गर्नु पर्ने निकायलाई दबाब दिन, धम्क्याउन र मुख्य कुरा सरकार टिकाउने कुरालाई बार्गेनिङ गर्नका लागि आफ्ना व्यक्तिगत स्वार्थलाई अनर्गल र अनवरत रुपमा मलजल गर्न रवि लामिछानेले राज्यको स्रोत साधन, निकायको प्रयोग गरेको र हालसम्म व्यवहारमा नरहेको कुरा अर्थात तपाई विरुद्ध मुद्दा चलेको छैन भनेर 'क्लिन चिट' लिएका छन्। कुनै देवानी प्रकृतिका विषयमा प्रहरीले धरेपकड गर्न सक्ने अवस्थामा अदालतले निषेधाज्ञाको आदेश जारी गर्ने न्यायिक प्रक्रिया रहेको र फौजदारी अपराधमा अनुसन्धान भइरहेको अवस्थामा भने यस्तो आदेश गर्न नसकिने भनेर सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा व्याख्या भएको

अवस्था छ । अदालत बाट न्यायको रोहमा समेत नहुने कुरालाई विपक्षी कार्यालएले क्लिन चिट प्रदान गरेको कुरालाई सहज ढंगले हेर्न नसकिने र यसलाई Obstruction or a road block to the Justice भनेर संज्ञा दिन सकिन्छ ।

५. रवि लामिछाने संघिय संसदको सांसद पद धारण गर्ने व्यक्ति हुन्, वहालवाला सांसदलाई कुनै प्रकारको आरोप लागेमा, निका विरुद्ध कसैले उजुरी गरेमा सो को निक्यौंल संसदमा समिति बनाएर गर्ने प्रावधान रहेको अवस्थामा । वैकल्पिक कानून उपचारको बाटाहरु हुँदा हुँदै उक्त बाटाहरुको प्रयोग नगरि, आफ्ना विरुद्धमा जाहेरी परेको र पर्ने क्रम रहको अवस्थामा विपक्षी कार्यालयमा रवि लामिछानेले दिएको निवेदन र पाएको क्लिन चिट कानून तथा न्यायको रोहमा उचित कार्य होइन, यसले अनुसन्धान तथा न्याय सम्पादनमा प्रतिकूल असल खडा गर्ने र पिडितले न्यायको याचना गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त समेतको बर्खिलाप रहेको छ । संविधान र नेपालको प्रचलित कानूनले यस्तो निर्णय गर्ने गराउने अधिकार विपक्षी कार्यालय र महान्यायाधिवक्तालाई दिएको छैन । आफूसँग हुँदै नभएको अधिकारको प्रयोग गरि न्याय प्रणालिलाई नै चुनौति दिने गरि गरेको काम कारबाहिले महान्यायाधिवक्ताको भुमिका समेत विचार गरिनुपर्ने अवस्थामा पुगेको देखिन्छ । करिब १० हजार बचतकर्ता रहेको सुप्रिम सहकारीका १ हजार ८ सय ३१ सदस्यको रकम हिनामिनामा लामिछानेलाई सरकारी वकिल कार्यालयले मुद्दा दायर नगरे पनि हिनामिना गरेको प्रतिवेदनमा नाम उल्लेख गरेको अवस्था छ । प्रतिवेदनमा नाम उल्लेख गरिएको व्यक्तिलाई पुनः मुद्दा दायर गर्न सक्ने मार्ग रहने स्पष्ट रहेको अवस्था छ, त्यसै गरि गत चैत १ मा प्रहरीमा परेको उजुरीका आधारमा प्रहरीले अनुसन्धान रवि लामिछाने उपर अनुसन्धान गरिरहेको छ । सोहि प्रतिवेदनका आधारमा २०८१ साल वैशाख ३ मा रुपन्देही जिल्ला अदालतमा बुझाइएको अभियोग पत्रमा लामिछानेले बिना धितो ऋण लिएको मात्र होइन, किस्ता तिर्दा समेत सहकारीकै पैसा अपचलन गरेको तथ्य स्पष्ट सँग खुलाइएको छ ।अभियोजन पत्रमा ऋणीको नाम र खाता नम्बर शीर्षकअन्तर्गत ८ नम्बरमा रवि लामिछाने/गोर्खा मिडिया प्रालि र बैंक खाता उल्लेख छ ।

६. प्रतिवेदनमा खुलाइएको विवरण अनुसार रवि लामिछानेका नाममा २,००,००,००० (दुई करोड) व्यापार कर्जा स्वीकृत भई १,९६,००,००० (एक करोड छयानब्बे लाख) गोर्खा मिडिया नेटवर्क प्रालिको खाता नं. ०४०१०१००००५७७७ मा ग्लोबल आईएमई बैंकमा जम्मा भएको देखिने कागजात प्राप्त भएको विवरण छ । दुई करोड ऋण बापत् चार लाख रुपैयाँ सेवा शुल्क कट्टा गरेर १ करोड ९६ लाख रुपैयाँ जम्मा गरिएको पनि प्रहरीले स्पष्ट पारेका छन् । प्रतिवेदनमा संस्थाका बचत सदस्य रवि लामिछानेका नाममा कुनै प्रक्रिया पूरा नगरी ऋण लगानी गरिएको छ तर, ऋणी लामिछानेले वैशाख १० मा लेखेको पत्रको जवाफ फर्काउँदै महान्यायाधिवक्ताको कार्यालयले भने त्यसबारे केहि नखुलाइ संविधान,फौजदारी न्याय, पिडितको न्याय सम्बन्धी हकको विपरित लामिछानेलाई पत्र दिने कार्य गरेको छ । रुपन्देही, चितवन र कास्कीका जिल्ला सरकारी वकिल

कार्यालयको हवाला दिंदै उजुरी नपरेको भन्दै ढाकछोप गरिएको अवस्था छ । सोहि पत्रका आधारमा लामिछानेले आफूमाथि छानबिन आवश्यक नरहेको दाबी गरेका छन् जसले सहकारीमा रहेका बचतकर्ता न्याय प्राप्त गर्ने आधार पनि तुहिने अवस्थामा पुगेको छ ।

७. मागदावीः

क. मिति २०८१-१-२४ मा च.न.३२७५ बाट विपक्षी कार्यालयले जारी गरेको पत्र संविधान, फौजदारी कानून र सहकारीमा रहेका बचतकर्ताको न्याय प्राप्त गर्ने आधार लाई संकुचन गर्ने साथै भविष्यमा समेत यस प्रकारको पत्र जारी गरि फौजदारी न्याय प्रणालि लाई कमजोर बनाइ प्रभावित गराउन सक्ने कार्य भएको हुँदा विपक्षी कार्यालयले च.नं.३२७५ बाट "अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा" जारी गरेको पत्रको कानूनी आधार नभएको हुँदा उत्प्रेषणको आदेशले बदर गरि पाउँ ।

ख. विपक्षी कार्यालयलाई सहकारी ठगी जस्तो अहम् विषयमा जनताले/बचतकर्ताले न्यायको लागि याचना गर्न सक्ने हुँदा व्यक्ति विशेषले धारण गरेको पदको वेवास्ता गरि, अनुसन्धान नगर्नु, मुद्दा नचलाउनु भन्ने जस्ता आदेश प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंलाई नभन्नु र आफ्ना मातहतका अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा कसैले कुनै व्यक्ति उपर जाहेरी, सूचना, प्रतिवेदन पेश गर्छ भने सो व्यक्ति उपर निर्धक्क भएर निर्वाद रुपमा अनुसन्धान गर्नु गराउनु भनी विपक्षी कार्यालय र ऐ.का महान्यायाधिवक्ताको नाउँमा परमादेशको आदेश जारी गरि पाउँ ।

ग. संवैधानिक तथा कानूनी अधिकारसँग सम्बन्धीत हुने किसिमका कुनै पनि अल्पकालिन अथवा द्रिर्घकालिन असर पार्न सक्ने तथा फौजदारी न्याय प्रणालीलाई नै प्रभावित पार्ने निर्णय नगर्नु नगराउनु भनी विपक्षी कार्यालय र ऐ. का महान्यायाधिवक्ताको नाउँमा प्रतिषेधको आदेश जारी गरि पाउँ ।

घ. मिति २०८१-१-१० मा रवि लामिछानेले द.नं.१४०५१ बाट माग गरे अनुसार विपक्षी कार्यालयबाट मिति २०८१-१-२४ मा च.नं.३२७५ बाट जारी भएको पत्रको कुनै कानूनी वैधानिकता नरहेको र उक्त पत्रले फौजदारी न्याय प्रणालीलाई अनुचित तवरले प्रभावित पार्ने स्पष्ट रहेको हुँदा मिति २०८१-१-१० मा रवि लामिछानेले द.नं.१४०५१ बाट माग गरे अनुसार विपक्षी कार्यालयबाट मिति २०८१-१-२४ मा च.नं.३२७५ बाट जारी भएको पत्र सम्बन्ध भएको सम्पूर्ण काम कारबाहि, सूचना, पत्राचार कार्यान्वयन नगर्नु नगराउनु भनी सम्पुर्ण विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरि पाउँ ।

साथै विपक्षी उप प्रधान तथा गृहमन्त्रीले धारण गरेको जिम्मेवारीले अनुसन्धान प्रक्रियामा अनुचित प्रभाव र प्रतिकूल असर पार्ने र प्राकृतिक न्यायको सिद्धान्त विपरित समेत रहने स्पष्ट भएको हुँदा, अनुसन्धान प्रक्रिया चलिरहेको अवस्थामा गृहमन्त्रीको पदबाट निजलाई निलम्बन गर्नु भनि नेपाल

सरकार मन्त्री प्रधानमन्त्री तथा मन्त्री परिषद्को नाउँमा अन्तरिम प्रकृतिको उपयुक्त आदेश जारि गरि पाउँ।

ङ. यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरि हेरि पाऊँ।

८. सर्वोच्च अदालत नियमावली,२०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ।

९. संलग्न कागजातः

क. विपक्षी कार्यालयले जारी गरेको पत्रको प्रतिलिपि।

ख. अभियोग पत्रमा विपक्षीको नाम उल्लेख भएको देखिने अंशको प्रतिलिपि।

ग. अन्य प्रमाणहरु विपक्षी कार्यालयले पेश गर्न सक्ने रहेको हुँदा, अदालतलाई न्याय निरोपण गर्न सहयोग पुग्ने कागजात विपक्षी कार्यालयबाट पेश गर्ने गरि आदेश जारी गरि पाउँ।

घ. कास्की जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको जाहेरी को प्रतिलिपि।

१०. हामी निवेदक कानून व्यवसायी स्वयं तथा हामी निवेदकको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने तथा पेश गर्ने कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानि पाऊँ।

निवेदक,
अतुल विष्ट

इति संवत् २०८१ साल बैशाख महिना २७ गते रोज ५ शुभम्------१

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.........प्रशासन... शाखा)

सख्या :- ०८०/०८१
चलानी नं. :- 3264

रामशाहपथ, काठमाडौं

मिति : ......२०८१/०१/२४

नेपाल सम्वत् ११४४ चौलागा १३

विषयः अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा।

चन्द्रकान्त लामिछानेको नाति, लालचन्द्र लामिछानेको छोरा
का.जि.का.म.न.पा वडा नं ६-बौद्ध महांकाल बस्ने वर्ष ४७
को श्री रवि लामिछाने,

प्रस्तुत विषयमा यहाँले यस कार्यालयमा जानकारी पाउँ भनी पेश गर्नु भएको द.न १४०५१ मिति २०८१/०१/१० गतेको निवेदन मागका सन्दर्भमा रुपन्देही जिल्ला अदालतमा दायर भएको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, चितवनको साहारा सहकारी संस्था तथा कास्कीको सुर्यदर्शन सहकारी संस्थाको रकम हिनामिनामा यहाँको संलग्नता रहे नरहेको र कुनै उजुरी परेको, अनुसन्धान वा अभियोग पत्र दायर भएको वा नभएको सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालय रुपन्देही, चितवन र कास्कीमा बुझि पठाउँदा यहाँ उपर हालसम्म कुनै उजुरी/जाहेरी अनुसन्धान तथा अभियोजन समेत भएको नदेखिएको जवाफ प्राप्त हुन आएकोले सोही व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ।

२०८१/०१/२४

(अनुकूल बारकोटी)
सहायक न्यायाधिवक्ता

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७७।१२।१८ | रु.२,००,००,०००।- | रवि लामिछानेको नाममा रु.२,००,००,०००।-(दुई करोड )व्यापार कर्जा स्वीकृत भई रु.१,९६,००,०००।-एक करोड छयानब्बे लाख )गोर्खा मेडिया नेटवर्क प्रा.लि.को खाता नं.०४०१०१०००००५७७ मा ग्लोबल आईएमई बैङ्कको भौचर मार्फत जम्मा भएको कारोबार देखिने कागजातहरु | संस्थाको बचत सदस्य रवि लामिछानेको नाममा कुनै प्रक्रिया पुरा नगरी ऋण लगानी गरेको<br>भौचर सदर गर्ने- सागर के.सी.<br>रकम जम्मा गर्ने- गेमनी गुरुङ |